रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्डः ३ | संख्याः ६ | प्रकाशित मितिः २०७६/०८/३०

## भाग-२


# भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७६

रोङ गाउँपालिका
२०७३

भकारो सुधार कार्यक्रम संचालन सम्बन्धमा रोङ गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# रोङ गाउँपालिका

# भकारो सुधार कार्यक्रम संचालन कार्यबिधि, २०७६

**कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०७६/०८/२७**

**प्रस्तावना:** रोङ गाउँपालिका अधिकांश भू-भाग चुरेक्षेत्र भएको भौगोलिक रुपमा विकट स्थानीय तह हो । गाउँपालिकाको आर्थिक विकासमा कृषिक्षेत्रको अग्रणी भूमिका रहेको छ । माटोको उर्बराशक्ति कायम गर्दै कृषिक्षेत्रको दिगो विकास गरी खाद्यान्नमा आत्मनिर्भर हुने संभावना प्रवल रहेको छ । बोट बिरुवालाई आवश्यक खाद्यतत्व प्रर्याप्त मात्रामा पूर्ति गर्न प्राङ्गारिक/रासायनिक मलको आवश्यक पर्ने भएकोमा रसायनिक मल समयमा उपलब्ध नहुँदा बर्षेनी कृषकहरुले समस्या व्यहोर्नु पर्ने भएकोले भकारो सुधार कार्यक्रम संचालन गरी प्राङ्गारिक मलको गुणस्तर विकास गर्न अति आबश्यक भएको छ । दिगोरुपमा माटोको उर्बराशक्ति कायम राख्न परम्परागत तरिकाले उत्पादन हुने प्राङ्गारिक मलको मुख्य श्रोत गाईबस्तुको मलमूत्र नै हो । गाईबस्तुको मलमूत्रमा पाइने खाद्यतत्वलाई बचाउन र गुणस्तर बृद्धि गर्न भकारो सुधार कार्य महत्वपूर्ण रहेको र भकारो सुधारबाट प्राङ्गारिक खेतीमा समेत महत्वपूर्ण योगदान दिनसक्ने भएको यथार्ततालाई समेत मध्यनजर गरी रसायनिक प्रभावबाट मानव स्वास्थ्यमा पर्नसक्ने प्रभावलाई केही हदसम्म कमगरी पर्यावरण संरक्षणमा समेत महत्वपूर्ण भूमिका खेल्ने भएकोले,

रोङ गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "भकारो सुधार कार्यक्रम संचालन कार्यबिधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि रोङ गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा:-

(क) **"कार्यपालिका"** भन्नाले रोङ गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ख) **"सेवाकेन्द्र"** भन्नाले रोङ गाउँपालिकाको कृषि सेवाकेन्द्र लाई सम्झनु पर्दछ ।

(ग) **"समिति"** भन्नाले कार्यविधिको दफा १२ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ ।

(घ) **"वडा"** भन्नाले रोङ गाउँपालिकाको वडालाई सम्झनु पर्दछ ।

**३. कार्यक्रम संचालनको उद्वेश्य :** भकारो सुधार कार्यक्रमको उद्वेश्य देहाय बमोजिम रहनेछ ।

(क) गुणस्तरीय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्रांगारिक उत्पादनलाई जोड दिने ।

(ख) रसायनिक मलको प्रयोग कम गरी कृषि उत्पादन लागत घटाउने ।

(ग) दिगो कृषि विकास गरी खाद्य सुरक्षामा योगदान पुर्‍याउने ।

(घ) कम्पोष्ट मल तयार गरी वातावरण स्वस्थ राख्ने ।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रकृया

४. **कार्यक्रम संचालन गरिने वडाहरुः** रोङ गाउँपालिकाका सवै वडाहरुमा यो कार्यक्रम संचालन गरिनेछ ।

५. **कार्यक्रम संचालन गरिने वडा तथा समूह छनौटः** गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम र गाउँपालिकाले गरेको सूचना अनुसार कृषक समूहले गरेको प्रस्तावको आधारमा दफा १२ बमोजिमको समितिले पशुपालन तथा व्यावसायिक कृषि पकेट क्षेत्रलाई लक्षित गरी वडा तथा समूहको छनौट गर्नेछ ।

६. **कार्यक्रम संचालनका लागि कृषक छनौटका आधार र संचालन प्रकृया देहाय बमोजिम हुनेछ :**

(क) दफा ५ बमोजिम वडा र समूह छनौट भएपश्चात् कार्यकम संचालनका लागि सम्बन्धित समूहको बैठकले भकारो सुधारका लागि घरधुरीको छनौट गर्नुपर्नेछ ।

(ग) समूह, सहकारी तथा फार्म दर्ता गरी सकृय रुपमा व्यवसायिक कृषि कार्य गरी आएको कृषक/कृषक समूहलाइ प्राथमिकता दिईनेछ ।

(घ) कम्तीमा २ वटा गाईवस्तु पालेको कृषक लाई प्रथमिकता दिईनेछ । कृषक घरधुरीहरुको छनौट गर्दा कृषक समूहले प्राविधिकको सहयोगमा ५/५ जनाको क्लस्टर (Cluster) बनाई एकै ठाउँमा पर्ने गरी गर्नु पर्नेछ ।

(ङ) एउटै व्यक्ति वा समूहलाई दोहोरो पर्नेगरी सुविधा वा अनुदान दिईने छैन ।

(च) घरधुरीको छनौट भएपछि सो को जानकारी समूहले कृषि सेवाकेन्द्रमा दिनुपर्नेछ । उक्त जानकारी गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

(छ) क्लष्टरमा कार्यक्रम संचालन गर्न चाहने कृषकको संख्या लक्ष्य भन्दा बढी भएमा दलित, जनजाती तथा लोपन्मुखलाई प्राथमिकता दिई समितिले सिफारिश गरे बमोजिम कार्यक्रम सन्चालन गरिने र कृषकको संख्या लक्ष्य भन्दा कम भएमा दुई वटासम्म क्लष्टर मिलाई कार्यक्रम संचालन गरिनेछ ।

७. **Focal person तोक्नुपर्नेः** भकारो सुधार कार्यकमलाई प्रभावकारी रुपमा संचालन गर्न र आवश्यक प्राबिधिक सहयोग गर्नका लागि गाउँपालिकाले एकजना प्राविधिक कर्मचारीलाई **Focal person** को रुपमा तोक्नु पर्नेछ ।

८. **न्यूनतम मापदण्ड पूरा हुनुपर्नेः** भकारो सुधार गर्दा कम्तीमा २ वटा पशुका लागि गहुँत नचुहिने गरी पक्की गरिनु पर्ने, गहुँत संकलन ट्यांकीको ब्यबस्था हुनुपर्ने र भकारो अर्थात् मलखाद फ्याँक्ने खाडललाई घामपानीबाट जोगाउनका लागि छानोको ब्यबस्था गरेको र प्राविधिकले तोके अनुसारको मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।

९. **अनुदान रकमको ब्यबस्थाः** समितिबाट छनौट भएका कृषक समूहलाई मुल्यांकन गरी प्रति भकारो सुधारका लागि बढिमा रु.१०,०००।- (दश हजार) सम्म अनुदान रकम अथवा सो बराबरको सामग्री उपलब्ध गराइने छ ।

१०.**अनुदान रकम प्रबाहको ब्यबस्थाः** भकारो सुधार कार्य सम्पन्न भएपछि सम्बन्धित प्राबिधिकले सो को गुणस्तर निरीक्षण गरी प्राविधिक र समितिको सिफारिश प्राप्त भएपछि मात्र कृषकलाई रोङ गाउँपालिकाले अनुदान उपलब्ध गराउनेछ ।

**११. कार्यक्रम अनुगमनको ब्यबस्था:** कार्यक्रमको नियमित अनुगमन दफा १२ बमोजिमको समितिले गर्नेछ । अनुगमन गरेवापत गाउँपालिकाले नियमानुसार यातायात खर्चको व्यवस्था गर्नेछ ।

**१२.कृषि विकास समितिको गठन**: गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिम कृषि विकास समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | -संयोजक |
| ख) आर्थिक विकास समितिका संयोजक | -सदस्य |
| ग) सम्बन्धित वडाको वडाध्यक्ष | -सदस्य |
| घ) अगुवा कृषक समूहका प्रतिनिधि | -सदस्य |
| ङ) कृषि सेवा केन्द्र प्रमुख | -सदस्य-सचिव |

**१३ निर्देशन दिन सक्ने:** कार्यक्रम सम्बन्धमा रोङ गाउँपालिकाले आबश्यकता अनुसार निर्देशन दिन सक्नेछ ।

**१४.बाधा अड्काउ फुकाउने:** यस कार्यविधिमा कुनै अस्पष्टता एवं द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसुची-१

<u>निवेदनको ढाँचा</u>

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू                                    मितिः
रोङ गाउँपालिका ।

<u>विषयः भकारो सुधार कार्यक्रममा सहभागी गराई दिन हुन ।</u>

प्रस्तुत विषयमा रोङ गाउँपलिकाको आ.व.०७.../०७...को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०७.../.../....मा प्रकाशित भकारो सुधार कार्यक्रम संचालन गर्ने सम्बन्धी सूचना अनुसार मलाई मलखाद व्यबस्थापन गर्नको लागि १ वटा भकारो सुधार कार्यक्रम आवश्यक रहेको हुँदा सो कार्यक्रममा सहभागी हुन तपशिल अनुसारको विवरण भरी यो निवेदन पेश गरेको छु ।

<u>संलग्न कागजातहरुः</u>

१. निवेदन रु. १० को टिकट ।
२. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
३. सम्बन्धित वडाको सिफारिश ।
४. कृषि सम्बन्धी तालीम लिएको भए प्रमाण-पत्रको प्रतिलिपि ।
५. समुह, सहकारीको माग निर्णयको प्रतिलिपि ।
६. कृषि फार्म भए दर्ता प्रमाण-पत्र तथा करचुक्ताको प्रमाण-पत्र ।

<u>निवेदक</u>
कृषकको नामः
ठेगानाः
सम्पर्क नं.
दस्तखतः

**आज्ञाले,**
डिक प्रसाद दाहाल
रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत